# मरिण राजपत्र

मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्डा ८ मरिण, साउन २२ गते, २०८२ साल संख्या १

## भाग २

## “आँखा उपचार ईकाई स्थापना तथा आँखा स्वास्थ्य कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८१”

**प्रस्तावनाः**

लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आम नागरिक, आर्थिक रुपमा विपन्नता भएका, दीर्घ रोगी, जेष्ठ नागरिक, वालवालिका, अपाङ्गता भएकाहरु एवं महिलाहरुलाई सरल सहज रुपमा बिभिन्न किसिमका आधारभूत आवश्यक भित्र पर्ने सेवाहरु स्थानीय स्तरमै उपलब्ध गराउने नीति अनुसार आँखा स्वास्थ्य सेवालाई व्यबस्थित गर्दै निरन्तर सेवा प्रवाह गर्नु वान्छनीय भएकोले मरिण गाउँ कार्यपालिकाले मरिण गाउँपालिकाको प्रशासकीय कायविधि) नियमित गर्नेऐन (, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाईएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम आँखा उपचार ईकाई तथा आँखा स्वास्थ्य कार्यक्रम सञ्चालन कार्यविधि २०८२ रहेको छ ।

२. **प्रारम्भः** यो कार्यविधि मरिण गाउँ कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

३. **उद्देश्यः** गाउँपालिकाले सरोकारवाला एवं सहयोगी निकायहरुसँगको साझेदारीमा आँखा उपचार ईकाई तथा आँखा स्वास्थ्य कार्यक्रम सञ्चालनको लागि यो निर्देशिका जारी गरेको छ ।

४. **ईकाईको नामः** ईकाईको नाम "आँखा उपचार ईकाई, (सम्बन्धित अस्पतालको र पालिकाको नाम)" (अंग्रेजीमाः Eye care unit,…………. (**Name of the Hospital and Municipality**) रहनेछ ।

५. **स्थानः** आँखा उपचार ईकाई सम्बन्धित यस गाउँपालिकाबाट सञ्चालित अस्पताल/ प्रस्तावित अस्पतालमा रहने छ ।

६. **उद्देश्यः** यस ईकाईले जनताको पहुँचमा पुग्न सक्ने गरी आधारभूत आँखा स्वास्थ्य सेवा सञ्चालन गर्नेछ ।

७.**कार्यक्षेत्र :** यस ईकाईको कार्यक्षेत्र यस गाउँपालिका भित्र रहनेछ ।

८. **आधिकारिकताः** यस आँखा ईकाई पालिकाको अस्पतालको सेवाको अभिन्न अंग रहनेछ तथा यस ईकाईको प्राविधिक सहयोगी संस्थाको रुपमा नेपाल आँखा कार्यक्रम-तिलगङ्गा आँखा प्रतिष्ठान र आर्थिक सहयोगी संस्थाको रुपमा Good Vision तथा आवश्यता अनुसार अन्य सहयोगी संस्थाहरु रहने छन् ।

९. **आँखा ईकाई सञ्चालन तथा व्यवस्थापन समितिः** यस आँखा उपचार ईकाईको व्यवस्थापन अस्पताल व्यवस्थापन समितिले गर्नेछ ।

**१०. यस समितिको काम कर्तव्य र अधिकारहरु तपशिल अनुसार हुनेछ :-**

क. आँखा ईकाई सञ्चालनको पालिकाको अस्पतालको हाता भित्र रहनेछ र आवश्यकता अनुसार छुट्टै भवन वा कम्तिमा ३ वटा ( १२/१५ फिटको ) कोठाको व्यवस्था गर्ने।

ख. पालिकाले कर्मचारीको दरबन्दी प्रचलित ऐन नियमको अधिनमा रहि ईकाईमा जनशक्तिहरुको नियुक्ति, सेवा सुविधा निर्धारण र परिचालन गर्नेछ ।

ग. आर्थिक व्यवस्थापन गर्न पालिकाको नियमानुसार गरिनेछ ।

घ. वार्षिक रुपमा आँखा स्वास्थ्यको कार्यक्रम तथा आँखा ईकाई सञ्चालनको लागि पालिका तथा अन्य स्रोतबाट बजेट व्यवस्थापन गर्ने ।

ङ. प्रथम पटक तिलगङ्गा आँखा प्रतिष्ठानबाट प्रदान गरिएको स्थापना मौज्दातको प्रयोग पश्चात ईकाई मा आवश्यक पर्ने उपकरण, चश्मा तथा औषधि खरिद गर्ने र खरिदका लागि नियमानुसार प्रक्रिया गर्ने ।

च. साझेदार संस्थाको सहभागिता तथा सहयोगमा ईकाईबाट सञ्चालन हुने कार्यक्रमहरुको योजना तर्जुमा , सञ्चालन, अनुगमन तथा मूल्यांकन गर्ने ।

छ. आँखा स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न साझेदार संस्थासंग समन्वय गर्ने ।

झ. अस्पताल प्रशासनले आँखा ईकाईको दैनिक प्रशासनिक, प्राविधिक, आर्थिक कार्यको अनुगमन तथा मुल्याङकन गर्ने।

ञ. ईकाईमा भए गरेका प्रगति विवरण मासिक रुपमा स्वास्थ्य शाखा र अस्पताल मार्फत तिलगंगा आँखा प्रतिष्ठान र अन्य सरोकारवाला निकायमा पठाइएको सुनिस्चित गर्ने ।

ट. आँखा ईकाईको वार्षिक समिक्षा बैठक तथा योजना कार्यशाला गोष्ठी आयोजना गर्ने।

**११. तिलगंगा आँखा प्रतिष्ठान एवं यसका शाखाको कार्यक्षेत्रः**

क. आँखा ईकाई स्थापनाको लागि एक पटकको लागि आवश्यक उपकरण तथा औजारहरु उपलब्ध गराउने ।

ख. आँखा ईकाईका कर्मचारीलाई पालिकाको पालिकाको आपसि साझेदारीमा पहिलो वर्ष ५०%, दोश्रो वर्ष ३०% र तेश्रो वर्ष २०% तलव भत्ताको ब्यवस्था गर्ने।

ग. आँखा ईकाईको सञ्चालन गर्नको लागि प्राविधिक तथा व्यवस्थापकीय सहयोग गर्ने ।

घ. पालिकामा वाह्य कार्यक्रमहरु (आँखा शिविर, आधारभुत आँखा स्वास्थ्य तालिम तथा जनचेतना कार्यक्रम) सञ्चालन गर्न वार्षिक रुपमा बजेटको व्यवस्थापन गर्ने ।

ङ. आँखा ईकाईमा आवश्यक पर्ने चश्मा तथा औषधि उपलब्ध गराउन सहयोग समन्वय गर्ने गराउने ।

च. आँखा ईकाईको अनुगमन तथा मुल्याङ्कन गर्ने ।

छ. आँखा ईकाई तथा आँखा स्वास्थ्य सेवाको तथ्याङ्क मासिक रुपमा पालिका स्वास्थ्य शाखाबाट प्राप्त भएको सुनिश्चित गर्ने ।

**१२. पालिकाको कार्यक्षेत्रः स्थानीय तहको कार्यक्षेत्रहरु तपसिल अनुसारको रहने छ :**

क. पालिकामा आँखा स्वास्थ्य सेवा सञ्चालन निर्देशिका बनाइ कार्यन्वयन गर्ने र त्यसमा तिलगंगा आँखा प्रतिष्ठान तथा यसको शाखाको भूमिका उल्लेख गर्ने ।

ख. आँखा सेवाको लागी स्थानिय स्वास्थ्य निकायमा एकिकृत सेवा हुने गरि पालिकाको अस्पतालमा आखा सेवा सञ्चालन गर्न आवश्यक कम्तिमा ३(१२/१५ फिटको) कोठा सहित फर्निचरको ब्यवस्थापन गर्ने ।

ग. आँखा ईकाई सञ्चालनको लागि एक जना नेत्र सहायक र एक जना तालिम प्राप्त चश्मा फिटर गाँउपालिकाको दरबन्दीमा रहने गरि नियुक्ती गर्ने र कर्मचारीलाई नियमानुसार पहिलो वर्ष ५०%, दोश्रो वर्ष ७०%, तेश्रो वर्ष ८०% र चौंथो वर्षदेखि सम्पूर्ण तलब तथा भत्ता निरन्तर प्रदान गर्ने ।

घ. ईकाईबाट संकलित रकम व्यवस्थापन गर्ने र वार्षिक रुपमा आँखा स्वास्थ्यको कार्यक्रम तथा आँखा ईकाई सञ्चालनको लागि आवश्यक बजेट बिनियोजन गर्ने ।

ङ. पालिका भित्रका स्वास्थ संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मी हरुलाई प्राथमिक आँखा उपचार तालिम प्रदान गर्ने र साझेदार संस्थाको प्राविधिक सहयोग लिने ।

च. आँखा ईकाई बाहिर बाह्य कार्यक्रम सञ्चालनकों लागि तिलगंगा आँखा प्रतिष्ठान एवं नजिकको शाखा सँग सहकार्य गर्ने । विशेष अवस्थामा अन्य संस्थासँग सहकार्य गर्नु परेमा तिलगंगा आँखा प्रतिष्ठानबाट पूर्व स्वीकृति आवश्यक रहने ।

छ. आँखा ईकाईमा आवश्यक पर्ने चश्मा र औषधि खरिदको लागि तिलगंगाबाट सञ्चालित नजिकको शल्यक्रिया वा सामुदायिक आँखा ईकाईहरुसँग आवश्यकता अनुसार समन्वय गर्न सकिने ।

ज. आँखा सेवा ईकाईको बारेमा प्रचार प्रसार गर्ने तथा उपर्यूक्त वातावरण तयार गर्ने ।

झ. आँखा ईकाई तथा आँखा स्वास्थ्य सेवाको तथ्यांक तिलगंगा आँखा प्रतिष्ठानको शाखा केन्द्रहरुमा मासिक रुपमा पालिका स्वास्थ्य शाखाले पठाउने वा अस्पतालले पठाएको सुनिस्चत गर्ने।

**१३. ईकाईले गर्ने कार्यहरु देहाय अनुसारको कार्यहरु गर्नेछ :**

क. अस्पतालको एक ईकाईको रुपमा रहि सबै जनताको पहुँचमा गुणस्तरीय आँखा स्वास्थ्य सेवा प्रदान गर्ने ।

ख. आँखा ईकाईमा पहिचान भएका मोतिविन्दुका विरामीहरुको लगत राखि तिलगंगा आँखा प्रतिष्ठानको नजिकको जिल्ला शाखाहरु सँग समन्वय गरि नियमित शल्यक्रिया शिविर वा शल्यक्रिया शिविरमा प्रेषण गर्ने ।

ग. आँखा ईकाईमा पहिचान भइ प्रेषण गर्नुपर्ने आवश्यकता भएका बिरामीहरुलाई नजिकको तिलगंगा आँखा प्रतिष्ठानको शाखा वा ईकाईमा रहेको अस्पतालमा हुने आँखा शिविरमा प्रेषण गर्ने

घ. आँखा स्वास्थ्य कार्यक्रमलाई प्रवर्द्धन गर्न निरन्तर रुपमा समुदायको सहभागिता र सहकार्यलाई ग्राहयता दिने

ङ. आँखा स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रम सञ्चालन गर्ने

छ. गुणस्तरीय राखि स्वास्थ्य सेवालाई विस्तार गर्दै लैजाने

ज. ईकाईमा भईरहेको प्रगति विवरण आवश्यकतानुसार मासिक, त्रैमासिक, अर्ध वार्षिक तथा वार्षिक रुपमा सम्बन्धित संस्थाहरुमा पठाउने

झ. तिलगंगा आँखा प्रतिष्ठान र सहयोगी संस्थासंग निरन्तर साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने ।

**१४. आँखा ईकाईमा उपलब्ध हुने आँखा स्वास्थ्य सेवाहरु :**

क. बिरामीको दृष्टि तथा चश्मा जांच

ख. विरामीको आँखा सम्बन्धी रोगहरुको परीक्षण तथा उपचार

ग. आँखाको सामान्य शल्यक्रिया

घ. सर्वसुलभ मुल्यमा औषधि तथा चश्माको बिक्री वितरण

ङ. जटिल समस्या भएका बिरामीहरुलाई थप सेवाको लागि नजिकको आँखा अस्पताल/ उपचार ईकाईमा रेफर गर्ने

च. आँखा रोग सम्बन्धी आकस्मिक सेवा प्रदान गर्ने

आँखा स्वास्थ्य सम्बन्धि बाह्य कार्यक्रमहरु पालिकाको ग्रामिण क्षेत्रमा सञ्चालन गर्ने तथा सेवाको पहुँच बढाउने ।

**१५. अन्य सेवाहरु आँखा ईकाईले तिलगंगा आँखा प्रतिष्ठान तथा यसको शाखाहरु सँग समन्वय गरी तपसिल अनुसारको कार्यक्रमहरु सञ्चालन गर्नेछ :**

क. आँखा उपचार सेवाको पहुँच नपुगेको ठाउँहरुमा आँखा शिविर सञ्चालन गर्ने

ख. विद्यालयहरुमा आँखा परीक्षण तथा आँखा स्वास्थ्य शिक्षा कार्यक्रम गर्ने

ग. विभिन्न माध्यमहरुबाट आँखा सम्बन्धी जनचेतनामुलक कार्यक्रम गर्ने

घ. समुदायमा आधारित स्वास्थ्य तथा अन्य सहकर्मीहरुलाई आँखा सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने

ङ. तिलगंगा आँखा प्रतिष्ठान र सामुदायिक आँखा ईकाईबाट लागु हुने आँखा स्वास्थ्य सम्बन्धी विभिन्न परियोजनाहरु सञ्चालन तथा समन्वय गर्ने ।

**१६. ईकाईको मानव संशाधनः**

**यस ईकाईमा तपसिल अनुसारको जनशक्ति रहनेछन्**

क. नेत्र सहायक - १ जना (आँखा स्वास्थ्य विषयमा कम्तिमा प्रमाण-पत्र तह उत्तीर्ण गरि नेपाल स्वास्थ्य व्यवसायी परिषदबाट लाइसेन्स प्राप्त)

ख. अप्टिकल फिटर - १ जना (कम्तिमा कक्षा १० उतिर्ण गरि अप्टिकल फिटर तालिम लिएको)

**१७. ईकाईको भौतिक पूर्वाधार प्रदेश सरकारको स्वास्थ्य संस्था स्थापना निर्देशिका अनुसार हुनेछ ।**

**१८. यस कार्यविधि कार्यान्वयनको क्रममा थप व्यबस्था गर्न परेमा वा जटिलता आएमा यस कार्यविधि सँग नबाझिने गरी गाउँकार्यपालिकाले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।**

**१९. गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ ।**

**२०. पालिकालाई आखाँ उपचार सेवा संचालन गर्न थप २ (दुई) जना कर्मचारी नियुक्ति गर्दा दिर्घकालीन रुपमा थप आर्थिक व्ययभार बढ्न जाने हुदा कपिलाकोट प्राथामिक स्वास्थय केन्द्र (हाल १५ शैया आधारभुत अस्पताल) विकास समितिले सामान्य सेवा शुल्क निर्धारण गरी आँखा उपचार सेवालाई दिगो भरपर्दो र गुणस्तरिय बनाउन आबश्यक निर्णय गर्न सक्ने छ ।**